अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित मितिः २०८२।०२।१९

## सेवा करारमा लिने सम्बन्धी सूचना

प्रस्तुत बिषयमा यस गाउँपालिकाले संचालन गर्ने सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारलाई सुरक्षित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायको लागि सहजिकरण गर्न, मानसिक स्वास्थ्यको लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य बिभिन्न सचेतनामूलक कार्यहरु सम्पादन गर्नको लागि निम्नानुसारको जनशक्ति करार सेवामा पदपुर्ती गर्नुपर्ने भएकाले योग्य र अनुभवी नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा यस कार्यालयमा दरखास्त पेश गर्नहुन अनुरोध छ ।

### तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी /तह | माग संख्या | परिक्षा दस्तुर | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|---|
| १ | ५/०८१/८२ | मनोसामाजिक परामर्शकर्ता | ५औं | १ | ५०० | ➤ मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा ईन काउनसेलिङ उत्तीर्ण गरेको ।<br>➤ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र लिएकोलाई विशेष प्राथमिकता दिइनेछ ।<br>➤ कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभब (Word, Excel, Powerpoint, Email/internet आदि) भएको, प्रतिवेदन |

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | तयार गर्न सक्ने ।<br>**<u>सामी कार्यक्रम अन्तर्गत कार्यारत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा</u>**<br>❖ कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरि सो केन्द्रबाट प्रमाणपत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यबस्थापन प्रणालीमा सूचिकृत भएको । |

- उमेरको हदम्यादः मनोसामाजिक परामर्शकर्ताको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुन पर्नेछ र महिलाको हकमा भने १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुन पर्नेछ ।
- दरखास्त दिने अन्तिम मिति २०८२।०२।१७ गते कार्यालय समयभित्र आवेदन दिनु पर्नेछ र सो दिन सार्वजनिक बिदाको दिन पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त दिन सकिनेछ ।
- दरखास्त फारम यस कार्यालयको वेब साईट arunmun.gov.np बाट डाउनलोड गरि वा यस कार्यालयबाट लिन सकिनेछ ।
- ईमेल मार्फत दरखास्त पेश गर्ने उमेदवारले सो को एकिन गर्न यस कार्यालयमा फोन मार्फत सम्पर्क गरि सुनिश्चित गर्नुपर्नेछ ।
- दरखास्तको साथ निम्न कागजात पेश गर्नुपर्नेछः
    - नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि
    - शैक्षिक योग्यताको लब्धाङ्क पत्रको प्रतिलिपि साथै चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
    - तालिम तथा अनुभवको प्रमाणपत्र प्रतिलिपि
    - अनुभव सम्बन्धी प्रमाणपत्र प्रतिलिपि
    - हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति
    - परिक्षा दस्तुर प्रभु बैंकमा रहेको अरुण गाउँपालिकाको राजश्व खाता नं. २६९७०८७३६१९००१८८ मा बुझाएको भौचर अनिवार्य पेश गर्नुपर्नेछ ।
- पारिश्रमिकः कार्य सम्पादन मूल्याङ्कन बमोजिम नेपाल सरकारले सम्बन्धित तहको लागि तोकेको न्यूनतम पारिश्रमिक
- म्याद नाघी आएको र रित नपुगि आएको दरखास्त माथी कुनै कारबाही हुनेछैन ।

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

- अनुभवः सम्बन्धित कार्यमा अनुभव भएकाहरुलाई ग्राह्यता दिइनेछ ।
- अन्तर्वार्ता तथा विविध पक्षको मूल्याङ्कन मितिः प्रारम्भिक मूल्याङ्कन छोटो सूची प्रकाशन भएको दिन प्रकाशन गरिनेछ ।
- थप जानकारीको लागि मोवाईल नं. ९८६००१२८५० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

..............................

जितमान जिमी

प्रमुख प्रशासकीय अधिकृत

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत